# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, श्रावण १० गते, २०७९ साल (अतिरिक्ताङ्क ११

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

<u>प्रस्तावना</u> : प्रदेश नं. १ सरकारको नीति, कार्यक्रम र कार्ययोजनाको कार्यान्वयन बाट प्राप्त उपलब्धी, जनताको चासो, गुनासो तथा सार्वजनिक सरोकारका विषयमा प्रदेश नं. १ मा भएका सञ्चारका माध्यमबाट जनतालाई सुसूचित गर्ने उद्देश्यले जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन

आन्तरिक मामिला तथा ... प्रदेश नं. १

गर्न आवश्यक कानूनी प्रवन्ध गर्न सोसँग सम्वन्धित कार्यविधि आवश्यक भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को उपदफा २ को अधिकार प्रयोग गरी प्रदेश मन्त्रीपरिषद्ले स्विकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त, नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि , २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ख) **"मुख्यमन्त्री"** भन्नाले प्रदेश नं. १ को सरकारका मुख्यमन्त्री सम्झनु पर्छ ।

(ग) **"मन्त्री"** भन्नाले प्रदेश नं. १ को सरकारका मन्त्री सम्झनु पर्छ ।

(घ) **"प्रमुख सचिव"** प्रदेश नं. १ सरकारका प्रमुख सचिवलाई सम्झनु पर्छ ।

(ङ) **"सचिव"** भन्नाले प्रदेश नं. १ सरकारका सचिव सम्झनु पर्छ ।

(च) **"कार्यालय"** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

(छ) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने जनतासँग मुख्यमन्त्री कार्यक्रम सम्झनु पर्छ ।

(ज) **"सञ्चार माध्यम"** भन्नाले प्रचलित संघीय वा प्रादेशिक कानून बमोजिम स्थापित भै सञ्चालनमा रहेको एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईनलाई सम्झनु पर्छ र सो शब्दले अन्य आम सञ्चारका साधन समेतलाई जनाउँछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(झ) **"संस्था"** भन्नाले खण्ड (ज) बमोजिम स्थापित र सञ्चालित एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईन लगायतका आम सञ्चारसँग सम्बन्धित संस्था सम्झनु पर्छ ।

**३. कार्यक्रम उत्पादन सम्वन्धी व्यवस्था:** १. जनतासँग मुख्यमन्त्री कार्यक्रम अन्तर्गत टेलिभिजन तथा रेडीयो कार्यक्रम उत्पादन सम्वन्धी कार्यको न्यूनतम लागत अनुमान तयार गरी उत्पादनका शर्तहरूको आधारमा नेपाल टेलिभिजन तथा रेडीयो नेपाल संग प्रस्ताव माग गरि दुईपक्षीय सम्झौताका आधारमा उत्पादन सम्बन्धी कार्य गरीनेछ ।

२. कार्यक्रमको छायाँङ्कन तथा रेकर्डिङ्गका लागी आवश्यक पर्ने प्राविधिक तथा अन्य जनशक्ति, क्यामेरा, लाईट ,रेकर्डिङ्ग मेशिन लगायतका आवश्यक यन्त्र उपकरणहरू कार्यक्रमको छायाँङ्कन तथा रेकर्डिङ्ग को जिम्मेवारी पाएको सञ्चार संस्थाले आफ्नै खर्चमा व्यवस्था गरी कार्यक्रमको उत्पादन गर्नुपर्ने छ ।

३. कार्यक्रम उत्पादनका लागि प्रदेश नं. १ सरकारको नीति तथा कार्यक्रमको भावना एवं मर्मअनुरूको विषयवस्तु छनौट, अध्यायन अनुसन्धान गरी कार्यक्रमको फिल्ड संयोजन र निर्माण एवं निर्देशनको साथै स्थलगत रिपोर्टिङ्ग समेतको कार्य गर्न उत्पादक संस्थाले आवश्यक जनशक्ति आफै व्यवस्था गर्नुपर्नेछ ।

४.कार्यक्रमको छायाँङ्कन तथा रेकर्डिङ्ग प्रदेश नं. १ का विभिन्न जिल्लाका विभिन्न स्थानमा कार्यालयसँग समन्वय गरी कार्यक्रम उत्पादन गर्ने संस्थाले गर्नुपर्नेछ ।

५.स्टुडियोमा कार्यक्रम रेकर्डिङ्ग तथा उत्पादन गर्नुपरेको अवस्थामा पनि स्थलगत रिपोर्टिङ्गलाई समेत समान प्राथमिकता दिइ गर्नुपर्नेछ ।

**४.कार्यक्रम प्रसारण सम्वन्धि व्यवस्था** :१) कार्यक्रमको प्रसारण समय देहाय बमोजिम हुनेछ :

(क) जनतासँग मुख्यमन्त्री कार्यक्रमको प्रशारणको समय टेलिभिजन कार्यक्रमको हकमा न्यूनतम ३० मिनेट देखि अधिकतम ६० मिनेटको र रेडियो कार्यक्रमको हकमा न्यूनतम १५ मिनेट देखि अधिकतम ३० मिनेटको हुनेछ ।

(ख) टेलिभिजन कार्यक्रम तथा रेडियो कार्यक्रम उत्पादक संस्थाले आफ्नो प्रसारण संस्थामार्फत हरेक महिना कार्यलयसँग सम्झौता भएवमोजिमको मिति र समयमा समयमा उत्पादित कार्यक्रम प्रसारण गर्नुपर्ने छ ।

(ग) प्रसारण गर्ने सञ्चार संस्थाले आफ्नो अनुकुल हुनेगरी उक्त कार्यक्रमलाई अतिरिक्त शुल्क नलाग्ने गरी तोकिएको दिन वाहेक अन्य समयमा समेत प्रसारण गर्न सक्नेछन् ।

(घ) उत्पादित कार्यक्रम प्रसारण गर्नुपूर्व कार्यक्रम उत्पादन गर्ने संस्थाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सफ्ट डिभाईसमा कार्यक्रम पेश गरी प्रसारण अनुमती लिनुपर्ने छ ।

(ङ) प्रसारणको अनुमति प्राप्त सामाग्रीलाई मात्र सम्वन्धित संस्थाले प्रसारण गर्नुपर्ने छ ।

(च) जनतासँग मुख्यमन्त्री कार्यक्रम अन्तर्गत उत्पादित श्रव्यदृष्य संग सम्वन्धित टेलिभिजन कार्यक्रम र रेडियो प्रसारण सम्वन्धि कार्यक्रम प्रत्येक महिना फरक फरक समयमा प्रसारण गर्नेगरी सम्वन्धित संस्थाहरूसंग प्रश्ताव आव्हान गरीनेछ ।

(छ) प्रसारण गरीने टेलिभिजन कार्यक्रमको उत्पादित सामाग्री र प्रसारण गर्ने शर्तहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्वन्धित संस्थासंग गरेको शर्तमा उल्लेख भएवमोजिम हुनेछ ।

(ज) रेडियो तथा एफ.एम.वाट प्रसारण गरीने रेडियो कार्यक्रमको उत्पादित सामाग्री प्रसारण गर्ने शर्तहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्वन्धित संस्थासंग गरेको शर्तमा उल्लेख भएवमोजिम हुनेछ ।

(झ) जनतासँग मुख्यमन्त्री कार्यक्रमको माध्यमवाट जनसरोकार र आफुसँग सम्बन्धित विषयको जवाफदेहीता सम्वन्धित मन्त्रालयमा रहनेछ ।

**५ सुचीकृत सम्वन्धी व्यवस्था** :१. यो कार्यविधि प्रारम्भ भएपश्चात कार्यालयले जनतासँग मुख्यमन्त्री कार्यक्रम प्रसारण वा प्रकाशन गर्न सार्वजनिक खरीद (संसोधन सहित) ऐन ,२०६३ तथा सार्वजनिक खरीद (संसोधन सहित) नियमावली, २०६४ वमोजिम देहायका कागजात समेतका आधारमा सुचीकृत हुने व्यवस्था मिलाउने छ ।

(क) सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत),

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) कार्यक्रम प्रसारण वा पत्रपत्रिका प्रकाशन गर्ने इजाजतपत्र नवीकरणको प्रतिलिपि,

(घ) नियमित प्रसारण प्रमाणपत्र (लाइसेन्स)

(ङ) अनलाइन सञ्चार माध्यमको हकमा पब्लिक डोमेन रेकर्डको प्रिन्ट ( सञ्चालकको नाम र कम्पनीको विवरण देखिनुपर्ने) र अनलाइनको होमपेजको स्क्रिनप्रिन्ट (सञ्चालक, सम्पादक, सम्पर्क फोन नं., इमेल लगायत सूचना तथा प्रसारण विभागको दर्ता नं. समेत देखिनुपर्ने) सहित कभरेज एरिया, प्रकाशन र वितरणको सङ्ख्याको विवरण ।

**६. मूल्याङ्कन सम्बन्धी व्यवस्था:** १. जनतासँग मुख्यमन्त्री टेलिभिजन कार्यक्रम अन्तर्गत प्राप्त शिलवन्दी प्रश्तावहरूको मूल्याँङ्कन सम्वन्धी कार्य सार्वजनिक खरीद (संसोधन सहित) ऐन ,२०६३ तथा सार्वजनिक खरीद (संसोधन सहित) नियमावली , २०६४ मा भएको व्यवस्था वमोजिम गरीने छ ।

**७. सम्झौता र कार्यादेश:**(१) यस कार्यविधि बमोजिम कार्यक्रम उत्पादन, सञ्चालन, प्रसारण वा प्रकाशनका लागि स्वीकृति प्राप्त गरेका संस्थाले कार्यालय सँग प्रचलित कानून वमोजिम सम्झौता गरी कार्यादेश अनिवार्य रूपमा लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौतामा उत्पादन तथा प्रसारण सम्वन्धि सर्तको पालना अनिवार्य रूपले गर्नु सम्बन्धित उत्पादक तथा प्रसारक संस्थाको दायीत्व हुनेछ ।

(३) सम्झौता वमोजिम कार्यक्रम उत्पादन, प्रसारण वा प्रकाशन गर्नुपर्ने संस्थाहरूले सम्झौता अनुसारको कार्य गर्न नसकेमा त्यस्ता संस्थाहरूलाई कार्यालयले प्रचलित कानून वमोजिम जरीवाना तथा अन्य कारवाही गर्न सक्ने छ ।

**८. रकमको भुक्तानी:** १. कार्यालयसँग भएको सम्झौता र कार्यादेश बमोजिम कार्यक्रम उत्पादन, प्रसारण र प्रकाशन गर्ने संस्थाले कार्यक्रम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

उत्पादन, प्रसारण वा प्रकाशन भएको प्रमाण सहितको विल विजक कार्यालयमा पेश गरेपछी प्रचलित कानून बमोजिमको कर कट्टा गरी बाँकी रकम सम्वन्धित संस्थाको बैङ्क खातामा भूक्तानी गरिने छ ।

२. उपदफा (१) वमोजिम को भूक्तानीको रकम भूक्रानी गर्दा प्रत्येक वर्ष विनियोजन ऐनमा विनियोजित वजेटमा व्यवस्था भए वमोजिम हुनेछ ।

९. **अनुगमन** :(१) यस कार्यविधि एवम् सम्झौता बमोजिम संस्थाले कार्यक्रम उत्पादन र प्रसारण वा प्रकाशन गरे नगरेको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्न कर्मचारी खटाउने छ ।

१०. **सम्झौता रद्द हुन सक्ने**:(१) दफा (९) बमोजिम अनुगमन गर्दा सम्झौतामा तोकेको शर्त बमोजिम कार्यक्रम उत्पादन र प्रसारण वा प्रकाशन नगरेमा त्यस्तो संस्थासँग कार्यालयले सम्झौता रद्दगर्न सक्नेछ ।

तर त्यसरी सम्झौता खारेज गर्नु अघि सम्बन्धित संस्थालाई एकपटक सुनुवाइको मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गरिएको संस्थाले जति वटा कार्यक्रम उत्पादन र प्रसारण वा प्रकाशन गरेका छन् सो वरावरको रकम भूक्तानी दिन वाधा पर्नेछैन ।

**११. सेवा खरीद कार्य प्रचलित कानून अनुसार हुने** : (१) यस कार्यविधिमा उल्लेख गरिएको व्यवस्थाहरू यसै वमोजिम, सो वाहेकका व्यवस्थाहरू सार्वजनिक खरीद ऐन (संसोधन सहित),२०६३ र सार्वजनिक खरीद नियमावली (संसोधन सहित), २०६४ वमोजिम हुनेछ ।

१२. **निर्देशन दिन सक्ने**: यस कार्यविधि बमोजिम कार्यालयले जनतासँग मुख्यमन्त्री कार्यक्रमको कार्यक्रम उत्पादन, छायाङ्कन र प्रसारण वा प्रकाशनका लागि सम्झौता भएका संस्थाहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१३. **खारेजी र बचाउ**:(१) यो कार्यविधि प्रारम्भ भए पछि यस अघि जारी भएको जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वत:खारेज हुनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि कार्यान्वयनमा रहेको जनतासंग मुख्यमन्त्री कार्यक्रम संञ्चालन कार्यविधि, २०७८ बमोजिम भए गरेका काम कार्यवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

स्वीकृत मितिः- २०७९/०४/१०

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १